# सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेडको
# द्वितीय वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माइन्यूट)

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको द्वितीय वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष डा. शंकर प्रसाद शर्माज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

१. **सभाको मिति, स्थान र समय**

मिति : २०६५ कार्तिक ८ गते, शुक्रवार (२४ अक्टोबर २००८)
स्थान : होटल डेला अन्नपूर्ण , दरवारमार्ग, काठमाडौं
समय : अपरान्ह ५.०० बजे प्रारम्भ भई सांझ ७.०० बजे सुसम्पन्न भयो ।

२. **सभाको सूचना**

२.१ बैंकको मिति २०६५।०६।१३ गते वसेको संचालक समितिको ४३औं वैठकवाट निर्णय पारित गरे बमोजिम द्वितीय वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलका विषय-सूची समेत खुलाई तत्सम्वन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार मिति २०६५।६।१३ र २०६५।६।१४ को हिमालय टाईम्स (नेपाली) राष्ट्रिय दैनिकमा प्रकाशित गरि मिति २०६५ कार्तिक ८ गते शुक्रवारका दिन होटल अन्नपूर्णमा अपरान्ह ५.०० वजे साधारण सभा वस्ने व्यहोरा कम्पनी सचिव श्री गणेशराज पोखरेलले सभालाई जानकारी गराउनु भएको थियो ।

२.२ बैंकको द्वितीय वार्षिक साधारण सभा वस्ने सूचनाको साथै आर्थिक वर्ष २०६४।६५ को वार्षिक प्रतिवेदन (संचालक समितिको प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन, आ.व. २०६४।६५ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सहित) शेयरधनी महानुभावहरुले बैकलाई उपलब्ध गराउनु भएको ठेगानामा हुलाक तथा कुरियर सेवा मार्फत तथा ईमेलवाट समेत पठाइएको व्यहोरा कम्पनी सचिव श्री गणेशराज पोखरेलले सभालाई जानकारी गराउनु भयो ।

३. **छलफलको विषयहरु**

**(क) साधारण प्रस्तावहरु**

१. संचालक समितिको तर्फवाट अध्यक्षज्यूको आ.ब. २०६४/६५ को प्रतिवेदन उपर छलफल र पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६४/६५ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतको सम्पूर्ण वित्तीय विवरण माथि छलफल गरि स्विकृत गर्ने ।
३. आ.ब. २०६५/६६ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office

४. संस्थापक शेयरधनीहरुको उप समूह "क" (५) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्ताव**

१. कम्पनीको नियमावलीको नियममा आवश्यक संशोधन एवम् खारेज गर्ने ।

(ग) **विविध**

## ४. उपस्थिति

**४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २. | श्री प्रदिप जंग पाण्डे | संचालक |
| ३. | श्री भोला विक्रम थापा | संचालक |
| ४. | श्री राजेन्द्र प्रसाद कायस्थ | संचालक |
| ५. | श्री बालकृष्ण प्रसाई | व्यवसायीक/स्वतन्त्र संचालक |

**४.२ पदाधिकारीको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

**४.३ शेयरधनीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | ५२ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या | X |
| ३. | जम्मा उपस्थित संख्या | ५२ |

## ५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या (समूह "क" को उप-समूह १,२,३,४,५ ) | ७० | ५२ | |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | रु.७०,००,००,००० | रु. ५२,२१,०६,५०० | ७४.५९ % |

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.

६. **सभाको वैधानिकता**

सभाको सुरुमा शेयरधनी महानुभावहरुले सभा कम्पनी ऐन २०६३ को दफा ६९ वमोजिम र बैंकको नियमावली वमोजिम बोलाईएको एवं सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको व्यहोरा जनकारीमा लिनु भयो ।

७. **सभाको अध्यक्षता**

सभाका वैधानिकता यकिन भएपछि बैंकको द्वितीय बार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम ६(१) अनुसार संचालक समितिका अध्यक्ष श्री शंकर शर्माज्युले गर्नु भयो । उपस्थित सबै शेयरधनी महानूभावहरु, उपस्थित पर्यवेक्षकहरुलाई स्वागत एवं अभिवादन व्यक्त गर्नुको साथै संचालक समितिका सदस्यहरुको परिचय गराउँदै अध्यक्षले सभाको कार्यक्रम अघि वढाउनु भयो ।

८. **द्वितीय वार्षिक प्रतिवेदनको प्रस्तुति :**

८.१. सभाका अध्यक्ष डा. शंकर शर्माज्युले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०६४।६५ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफल र स्विकृतीको लागि सभा समक्ष पेश गर्नु भयो ।

८.२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको आर्थीक वर्ष २०६४/६५ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण विवरणहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९. **छलफलको लागि आव्हान**

९.१ बैंकको आ.व. २०६४।६५ को प्रतिवेदन, २०६५ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६४।६५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार प्रश्न तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम**

१. श्री वोधराज अधिकारी
२. श्री कमल ज्ञवाली
३. श्रीमति वीना महत
४. श्री रमेश शर्मा

**९.३ छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका समान सुझाव, सराहना, जिज्ञासा तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले वार्षिक प्रतिवेदन सधारण सभा हुनु अघि नै शेयरधनीहरुलाई उपलव्ध गराउनु पर्ने सुझाव दिनु भयो साथै बैंकको विभिन्न

समितिहरुमा संचालक समितिका सदस्यहरु मात्र संलग्न भएकोमा संचालक वाहेक अन्य शेयरधनीहरु संलग्न किन नगरिएको?, Joint Venture मा जानेवारे के भई रहेको छ ?, र सर्वसाधारणको लागी शेयर निष्कासन सम्वन्धमा के भई रहेको छ? कर्मचारीहरुको Turnover लाई रोक्न तथा कर्जा प्रवाह लगायत आवश्यक क्षेत्रहरुमा प्रष्ट नीतिहरु वनाई बैंक संचालनको सम्पूर्ण दायित्व प्रमुख कार्यकारी अधिकृतको हुने गरी अधिकार प्रत्यायोजन हुनु पर्ने, बैंकका कर्मचारीहरुमा आत्मसन्तुष्टिको अनुभुति हुने गरी आवश्यक सुविधाहरु उपलब्ध गराउनु पर्ने, तथा शाखा संख्या अत्यधिक मात्रामा वढाउनु पर्ने साथै यसको लागी पूंजी वृद्धि गर्नु पर्ने भएमा पूंजी वृद्धि गर्न सुझाव दिनु भयो ।

संचालक समितिमा महिलाको सहभागीता नभएकोमा महिलाको सहभागिताको लागि के कस्तो कार्यक्रम रहेको छ भन्ने जिज्ञासा प्रकट गर्नु भयो ।

२०६४ सालमा संचालनमा आएका अन्य बैंकहरुको तुलनामा हाम्रो बैंकको प्रगति सन्तोषजनक रहेको वताउनु भयो ।

**९.४ छलफलमा सहभागी हुनेहरुको एकल विचार**

छलफलको क्रममा शेयरधनीहरुले बूँदागत रुपमा देहाय बमोजिमको धन्यवाद तथा सराहना, सुझाव, प्रश्न, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो :

**श्री वोधराज अधिकारी:** वार्षिक प्रतिवेदन साधारण सभा हुन अघि नै शेयरधनीहरुलाई उपलव्ध गराउनु पर्ने सुझाव दिनु भयो साथै बैंकको विभिन्न समितिहरुमा संचालक समितिका सदस्यहरु मात्र संलग्न भएकोमा संचालक वाहेक अन्य शेयरधनीहरु संलग्न किन नगरिएको?, Joint Venture मा जानेवारे के भई रहेको छ ?, र सर्वसाधारणको लागी शेयर निष्कासन सम्वन्धमा के भई रहेको छ?, भनि प्रश्न गर्नु भयो ।

**श्री कमल ज्ञवाली:** बैंकले जुनरुपमा प्रगति गर्नु पर्ने थियो त्यति प्रगति गर्न नसक्नुमा बैंकको आन्तरिक कारण नै प्रमुख रुपमा देखा परेको हुंदा विगतको जस्तो समस्या भविष्यमा हुन नहुनेमा जोड दिनु हुंदै कर्मचारीहरुको Turnover लाई रोक्न तथा कर्जा प्रवाह लगायत आवश्यक क्षेत्रहरुमा प्रष्ट नीतिहरु वनाई बैंक संचालनको सम्पूर्ण दायित्व प्रमुख कार्यकारी अधिकृतको हुने गरी अधिकार प्रत्यायोजन हुनु पर्ने, बैंकका कर्मचारीहरुमा आत्मसन्तुष्टिको अनुभुति हुने गरी आवश्यक सुविधाहरु उपलब्ध गराउनु पर्ने, तथा शाखा संख्या अत्यधिक मात्रामा वढाउनु पर्ने साथै यसको लागी पूंजी वृद्धि गर्नु पर्ने भएमा पूंजी वृद्धि गर्न सुझाव दिनु भयो ।

**श्रीमति वीना महत्त:** हाल संचालक समितिका सम्पूर्ण सदस्यहरु पुरुषमात्र रहेकोमा महिलाको सहभागिताको लागि के कस्तो कार्यक्रम रहेको छ भन्ने जिज्ञासा प्रकट गर्नु भयो ।

**श्री रमेश शर्मा:** २०६४ सालमा संचालनमा आएका अन्य बैंकहरुको तुलनामा हाम्रो बैंकको प्रगति सन्तोषजनक रहेको वताउनु भयो ।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office

**९.५ सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफः**

शेयरधनीहरुले सभामा व्यक्त गर्नुभएका सराहनाप्रति आभार व्यक्त गर्दै अध्यक्षज्यूले सामूहिक रुपमा देहाय बमोजिम उत्तर दिनुभयो ।

बैंकको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई e-mail, हुलाक तथा कुरीयर सेवा मार्फत समय मै उपलब्ध गराएको बताउनु हुँदै भविष्यमा यथा सम्भव पुस्तीका समेत साधारण सभा हुन अघि उपलब्ध गराउने जानकारी दिनु भयो । विभिन्न उपसमितिहरुमा संचालकहरु मात्रै संलग्न भएको सम्वन्धमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ र नेपाल राष्ट्र बैंकको निर्देशनमा किटानी रुपमा उल्लेख भएका उपसमितिहरुमा सोही व्यवस्था अनुसार संचालक समितिवाट उपसमितिका सदस्यहरु मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो साथै Joint Venture मा जानको लागी केही विदेशी बैंकहरुसंग सम्पर्क स्थापित गरिएको र ती बैंकहरुवाट सर्वसाधारणको लागी शेयर निष्कासन तथा नेपाल स्टक एक्सेन्जमा बैंकको शेयर सूचीकृत भए पछिमात्र यस सम्वन्धमा आवश्यक काम कारवाही अगाडी बढाउने व्यहोरा सभालाई जानकारी गराउनु भयो । यस विषयमा अझ प्रष्ट पार्दै उहाँले Joint Venture मा जाने stage मा पुगेपनि शेयरधनी महानुभावहरुको प्रतिनिधिहरुले अनौपचरिक रुपमा एकैस्वरले (unanimously) बैंकको प्रगति राम्रो भएकोले partner ल्याउदा कसरी जाने, के गरेर जाने भन्ने विषयमा स्पष्ट हुनुपर्ने कुरा उठेको र यसलाई एक दुई वर्ष नछोड्ने तर हतार पनि नगर्ने भनेकोले Joint Venture मा जाने विषयलाई slow down गरिएको जानकारी सभालाई दिनुभयो । सर्वसाधारणको लागी शेयर निष्कासन सम्वन्धमा आगामी पौष मसान्त सम्ममा शेयर निष्कासन गर्ने गरि कामकारवाही अगाडी बढाएको बताउनु भयो ।

कर्मचारीहरुको Turnover लाई रोक्न तथा कर्जा प्रवाह लगायत आवश्यक क्षेत्रहरुमा प्रष्ट नीतिहरु बनाई बैंक संचालनको सम्पूर्ण दायित्व प्रमुख कार्यकारी अधिकृतको हुने गरी अधिकार प्रत्यायोजन हुनु पर्ने, बैंकका कर्मचारीहरुमा आत्मसन्तुष्टिको अनुभुति हुने गरी आवश्यक सुविधाहरु उपलब्ध गराउनु पर्ने सुझाव प्रति धन्यवाद दिनु हुँदै बैंक यस प्रति एकदम सजग एवं कृयाशिल रहेको तथा भविष्यमा समेत कृयाशिल हुने वताउनु भयो । साथै शाखा विस्तारको सम्बन्धमा वोल्दै Earning, Cost र शाखा विस्तारलाई सन्तुलित बनाई लान सकिने विचार शेयरधनी महानुभावहरुलाई बताउनु भयो ।

संचालक समितिमा महिलाको सहभागिका सम्वन्धमा बैंकको प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था भए वमोजिमको प्रकृया पुऱ्याई संचालक पदमा निर्वाचित भै आएमा महिला सहभागिता हुन सक्ने हुंदा महिलाहरु स्वयं यस तर्फ सकृय हुनु पर्ने कुरा वताउनु भयो ।

**१०. सभाको निर्णय**

**सभामा छलफल पछि प्रस्ताव परित गर्न सभाका अभ्यक्षज्यूले प्रस्तावित गर्नु भयो, तदनुसारः**

**(क) साधारण प्रस्तावहरु**

CITIZENS BANK INTERNATIONAL LTD. Citizens

**१. आ.ब. २०६४/६५ को संचालक समितिको प्रतिवेदन छलफल र पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०६४।६५ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.ब. २०६४/६५ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरि स्विकृत गर्ने ।**

लेखा परिक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६४।६५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्विकृत गऱ्यो ।

**३. आ.ब. २०६५/६६ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार बैंकको लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०६५।६६ को हर हिसाब लेखा परिक्षण गर्नको लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कुल रु. १,७०,०००।- (अक्षरुपी एक लाख सत्तरी हजार मात्र) पारिश्रमिक दिने गरी साविककै लेखा परीक्षक श्री वास्कोटा एण्ड कम्पनीलाई नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**४. संस्थापक शेयरधनीहरुको उप समूह "क" (५) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन गर्ने ।**

संस्थापक शेयरधनीहरुको समूह **"क"** को उप समूह ५ बाट संचालक समितिमा प्रतिनिधित्व गर्नका लागि भएको निर्वाचनमा संस्थापक शेयरधनी श्री मनोहर दास मुल एक जनाको मात्र उम्मेदवारी परेको हुँदा निर्वाचन अधिकृत श्री विवेक घिमिरेले श्री मनोहर दास मुल संचालक समितिमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

**(ख) विशेष प्रस्ताव**

**१. कम्पनीको नियमावलीको नियममा आवश्यक संसोधन एवम् खारेज गर्ने ।**

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office

२०६४।०७।१७ मा बसेको विषेश साधारण सभाले संशोधन प्रस्ताव पारित गरिएकोमा कम्पनी रजिष्ट्ररको कार्यालयमा अभिलेखको लागि पठाउंदा तीन महलेमा उल्लेख भएको तर निर्णय पुस्तिकामा लेख्न छुट हुन गएको र कम्पनीले संगठित संस्थाहरुलाई छुट्टाएको १४ प्रतिशत शेयर बैक तथा वित्तिय संस्था ऐन २०६३ को अधिनमा रहि संम्वन्धित निकाय नेपाल राष्ट्र बैकवाट आवश्यक स्वीकृति लिई कम्पनीका संस्थापक शेयरधनीहरुलाईनै समानुपातिक रुपमा विक्रि वितरण गरिएको र सो को कम्पनी रजिष्ट्रारको कार्यालयवाट अभिलेख समेत गरिसकिएकोले यस कम्पनीको नियमावलीको नियम ८ को २(ख) को कुनै औचित्य नरहेकोले नियमावलीमा संशोधन गरि नियम ८ को उपनियम २(ख) खारेज गर्ने सर्वसम्मतिबाट निर्णय पारित भयो ।

**(ग) विविध**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने सर्वसम्मतिबाट निर्णय पारित भयो ।

## ११. धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष महोदयले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा द्वितीय वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै बैंकको उद्धेश्य अनुरुप अघि बढाउन उल्लेख्य भूमीक निर्वाह गर्नु हुने व्यवस्थापक, कर्मचारी, अन्य व्यक्ति, कम्पनी, संघ, संस्था तथा निकायहरुलाई समेत आभार व्यक्त गर्नु भयो ।

## १२. सभा विसर्जन

छलफलको लागि अन्य विषय नभए हुंदा अन्तमा अध्यक्षज्यूले सभामा शेयरधनी महानुभावहरुको गरिमामय उपस्थिती तथा प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै सांझ ७.०० बजे सभा विसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| ------------ | CITIZENS BANK INTERNATIONAL LTD. Citizens YOUR PARTNER FOR PROGRESS Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि. | --------------- |
| **गणेश राज पोखरेल** | | **डा. शंकर प्रसाद शर्मा** |
| कम्पनी सचिव | | अध्यक्ष |